# विन्ध्यबासीनि हाइड्रोपावर डेभेलपमेण्ट कम्पनी लि. को वार्षिक साधारण सभा २०७६

बिन्ध्यवासीनी हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको आ.ब.२०७५।०७६ को बार्षिक साधारण सभा कम्पनीका अध्यक्ष श्री सीता आचार्यको सभापतित्वमा निम्न स्थान, मिति र समयमा बस्यो ।

**कार्यक्रमः**
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालयः का.म.न.पा.वडा नं.१०, बानेश्वर काठमाडौं ।
मिति : २०७५ । ०८ । ०९ गते ।
समय : बिहान ११.०० बजे ।

उपस्थिति विवरणः **यसै साथ संलग्न तालिकामा प्रस्तुत गरिएको ।**

**उपस्थिति प्रतिशतः**

| | |
|---|---|
| शेयर संख्याको | ७९.५७ प्रतिशत |
| शेयरधनीकोः | ५२.१० प्रतिशत |

**बैधानिकता** :

आजको सभा मिति २०७६।१०।२३ को संचालक समितिको निर्णयानुसार मिति २०७६।१०।२४ गतेका आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिका तथा मिति २०७६।११।१५ गतेको कारोबार दैनिकमा प्रकाशित सूचना बमोजिम बोलाइएको र कम्पनीको नियमावली बमोजिम आवश्यक गणपुरक संख्या समेत पुगेकोले सभा बैध ठहराइ पूर्व सूचित निम्न प्रस्ताब उपर छलफल प्रारम्भ गरियो ।

**प्रस्तावहरु :**

१. कम्पनीको आ.व. २०७५/०७६ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारीत गर्ने सम्वन्धमा
२. कम्पनीको आ.ब. २०७५/०७६ को लेखा परीक्षण प्रतिवदेन छलफल गरी अनुमोदन गर्ने सम्वन्धमा
३. आ.व.२०७६/०७७ को लागि लेखा परीक्षकको नियुक्ति गर्ने र पारीश्रमिक तोक्ने सम्वन्धमा ।
४. यस कम्पनीको नाममा अन्य कम्पनीमा रहेको शेयर खरिद/बिक्री गर्न संचालक समिति लाई अधिकार दिने सम्वन्धमा ।
५. कम्पनीको साधारण शेयर निश्काशन गर्ने ।
६. विविध
    - साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्ने २ जना सदस्य मनोनयन गर्ने सम्वन्धमा
    - सञ्चालक समितिले गरेका कार्यहरुको समर्थन गर्ने सम्वन्धमा ।
    - कम्पनीको आर्थिक प्रशासनिक तथा कर्मचारी विनियमावली अनुमोदन गर्ने सम्वन्धमा ।

**निर्णयहरुः**

१. प्रस्ताव नं. १ माथि छलफल हुँदा संचालक समितिको तर्फबाट प्रस्तुत समितिको आ.व. २०७५/०७६ को संक्षिप्त वार्षिक प्रतिवेदन तथा आ.व. २०७६/०७७ लागि तयार गरिएको अनुमानित वार्षिक बजेट कम्पनीका अध्यक्ष एवम् सभाका सभापति श्री सीता आचार्यज्यूले प्रस्तुत गर्नुभयो । सो प्रतिवेदनमा उल्लेखित बुँदाहरुमा सामान्य छलफल पश्चात उठेका प्रश्नहरुको अध्यक्षज्यूले सन्तोषप्रद उत्तर दिनु भएकोले प्रस्तुत प्रतिवेदन अनुमोदन गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल हुँदा कम्पनीको गर्त वर्षको वार्षिक साधारण सभाले नियुक्त गरेको सरोज कोइराला एण्ड एशोसिएट्स, चार्टर्ड एकाउन्टेण्टसले तयार गरेको कम्पनीको आ.ब.२०७५।०७६ को

## विन्ध्यबासीनि हाइड्रोपावर डेभेलपमेण्ट कम्पनी लि. को वार्षिक साधारण सभा २०७६

लेखापरीक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सानको हिसाब समेत अनुमोदनको निमित्त कम्पनीको सञ्चालक समितिबाट प्रस्तुत प्रतिवेदन अनुमोदन गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल हुँदा यस कम्पनीको आ.व. २०७६।०७७ को निमित्त लेखापरीक्षक नियुक्त गरी पारीश्रमिक तोक्ने सम्बन्धमा छलफल हुँदा कम्पनीको आ.व. २०७६/०७७ को लेखा परीक्षण गर्नका लागि लेखापरीक्षक श्री आर सापकोटा एण्ड एशोसिएट्स्, चार्टर्ड एकाउण्टेन्स्, काठमाडौंलाई नियुक्त गर्ने निर्णय गरियो । साथै, नीजको पारीश्रमिक तोक्नका लागि संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल हुँदा यस कम्पनीले विभिन्न कम्पनीहरुमा समेत शेयर लगानी गरेको र अब उप्रान्त पनि विभिन्न कम्पनीमा शेयर लगानी गर्न तथा खरीद गरिएका शेयरहरु बिक्री गर्नका लागि समेत सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल हुँदा यस कम्पनीको आ.व. २०७४/०७५ को वार्षिक साधारण सभाले निर्णय गरे बमोजिम कम्पनीले रु. १०० दरको २५,००,००० कित्ता साधारण शेयर निष्काशनका लागि विद्युत नियमन आयोगबाट सहमति लिई विवरणपत्र तयार गरी धीतोपत्र बोर्डमा साधारण शेयर निश्काशनको स्वीकृतिको लागि समेत विवरण पेश गरिसकेको हुँदा कम्पनीले निर्माण गरिरहेका आयोजना पूरा गर्न तथा कम्पनी समेत संस्थापक रही कार्य गर्दै आइरहेको पिपुल्स इनर्जी लि. ले निर्माण गरिरहेको ४८.८ मे.वा. क्षमताको खिम्ती २ ज.वि.आ.मा लगानी गर्नको निमित्त यस कम्पनीको प्रबन्ध पत्रको दफा ६ को उपदफा (ग) बमोजिम जारी पूँजी रु.१,००,००,००,०००।- को २५%ले हुने रु.२५,००,००,०००।- बराबरको रु.१००।- दरको २५,००,००० कित्ता साधारण शेयर तपसील बमाजिम निस्काशन तथा बाँडफाँड गर्ने । यसरी शेयर निस्काशन लगायतका सम्पूर्ण कार्य गर्न गराउन संचालक समितिलाई अख्तियारी दिने निर्णय गरियो ।

**तपसील:**

१. प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि: जारी पूँजीको १०%अर्थात् १०,००,००० कित्ता ।
(प्रभावित क्षेत्रको रुपमा कास्की जिल्लाको मादी गाउँपालिका, रुपाकोट गाउँपालिका र पोखरा महानगरपालिका तथा लमजुङ्ग जिल्लाको क्व्होलासोथार गाउँपालिका, मध्यनेपाल नगरपालिका र बेशीसहर नगरपालिकालाई लिइएको छ ।)

२. कर्मचारी तथा सर्वसाधारणहरुको लागि: जारी पूँजीको १५% अर्थात् १५,००,००० कित्ता ।

६. प्रस्ताव नं. ५ माथि छलफल हुँदा

१ आजको सभाको निर्णय पुस्तिका (माइन्युटमा) मा दस्तखत गर्न कम्पनी सचिव, सभापतिको अतिरिक्त संचालक समितिको तर्फबाट प्रा.डा. लक्ष्मण पौडेल तथा शेयरधनीको तर्फबाट श्री रामेश्वर अधिकारी र श्री गोविन्दराम दाहालज्यूलाई मनोनयन गर्ने निर्णय गरियो ।

२ कम्पनीको सञ्चालक समितिले हालसम्म गरेका सबै कार्यहरु तथा निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

३ कम्पनीको दैनिक कारोवार सञ्चालनका लागि तयार गरिएको कम्पनीको आर्थिक प्रशासनिक तथा कर्मचारी विनियमावली अनुमोदन गर्ने निर्णय गरियो ।

आजको सभा शान्त एवम् सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएकोमा उपस्थित सबैमा धन्यवाद दिंदै सभापतिज्यूले सभा बिसर्जन गर्नु भयो ।

BINDHYABASINI HYDROPOWER DEVELOPMENT CO. LTD.
KATHMANDU, NEPAL